# सार्वजनिक सुनुवाई कार्यक्रमको

# प्रतिवेदन

**(आ.व. २०७९/८० देखि आ.व. २०८१/८२ को चैत सम्म)**

मितिः २०८२ बैशाख १७ गते

स्थानः बुढीगंगा नगरपालिकाको कार्यालय, कुल्देवमाण्डौं, बाजुरा


बुढीगंगा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

कुल्देवमाण्डौं, बाजुरा

फोन नं. ०९७-५९४००२

वेवसाइटः www.budhigangamunbajura.gov.np

इमेलः budhigangamunbajura@gov.com.np, ito.budhigangamun7@gmail.com

## सार्वजनिक सुनुवाईको प्रतिवेदन तयारीमा संलग्न कर्मचारीहरू

| क्र.सं. | नामथर | पद | कैफियत |
|---|---|---|---|
| १ | अम्मर राज जोशी | प्रमुख प्रशाकीय अधिकृत | |
| २ | नरेन्द्र नाथ | योजना अधिकृत | योजना शाखा |
| ३ | दिपक बहादुर शाह | सि.अ.हे.व. | स्वास्थ्य शाखा |
| ४ | प्रेमराज जैशी | पशुसेवा छैटौं अधिकृत | पशु सेवा शाखा |
| ५ | जयराज न्यौपाने | शिक्षा अधिकृत | शिक्षा, युवा तथा खेलकुद शाखा |
| ६ | डम्म बहादुर थापा | प्राविधिक सहायक (शिक्षा) | जिन्शी शाखा |
| ७ | गणेश राज रेग्मी | सब- इन्जिनियर | पूर्वाधार विकास शाखा |
| ८ | ओम कुमारी विक | महिला विकास निरीक्षक | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा |
| ९ | दिपक बहादुर थापा | नायव प्राविधिक सहायक | कृषि विकास शाखा |
| १० | पूर्ण चन्द्र जैशी | लेखापाल | आर्थिक प्रशासन शाखा |
| ११ | राजेन्द्र बहादुर बिष्ट | सहायक पाँचौं (प्रशासन) | राजश्व शाखा |
| १२ | महेश राज जैशी | कार्यकारी अधिकृत | बुढीगंगा सीप विकास तथा प्रशिक्षण केन्द्र |
| १३ | भिमराज गिरी | असिष्टेन्ट सब-इन्जिनियर | विपद् जोखिम न्यूनीकरण फोकल पर्सन |
| १४ | खडक कुमार बम | सूचना अधिकृत | सूचना प्रविधि शाखा |
| १५ | टंक बहादुर सिंह | रोजगार सहायक | रोजगार सेवा केन्द्र |
| १६ | राजेन्द्र बहादुर बुढा | हेल्थ असिस्टेन्ट | स्वास्थ्य शाखा |
| १७ | वसन्त बहादुर थापा | सहायक चौथो | योजना शाखा |
| १८ | चन्द्र प्रकाश जोशी | सहायक चौथो | प्रशासन शाखा |
| १९ | सुरत बहादुर थापा | फिल्ड सहायक | पञ्जीकरण शाखा |
| २० | पूजा थापा | मनोसामाजिक संयोजक | GBVPR II परियोजना |

## सार्वजनिक सुनुवाईको अन्तिम प्रतिवेदन तयारीकर्ता

गोविन्द बहादुर थापा, रोजगार संयोजक, रोजगार सेवा केन्द्र

सर्वाधिकार © बुढीगंगा नगरपालिका, कुल्देवमाण्डौं, बाजुरा

**परिचयः**

बुढीगंगा नगरपालिकाले आफ्ना क्रियाकलापहरूलाई जनमुखी, जवाफदेही, पारदर्शी, समावेशी तथा जनसहभागीतामूलक बनाई त्यसको प्रतिफल सर्वसाधारणलाई उपलब्ध गराउन असल शासनका आधारभूत मान्यतालाई आत्मसाथ गर्दै सेवा प्रवाह छिटो छरितो र प्रभावकारी ढंगले सम्पादन गर्ने हेतुले वर्षेनी आफ्ना कार्य प्रगति विवरण सार्वजनिक गर्दै आइरहेको छ । सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ३० तथा सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ को नियम १९ बमोजिम सार्वजनिक निकायले प्रत्येक चार महिनामा सार्वजनिक सुनुवाई गर्नु पर्ने प्रावधान रहेकाले बुढीगंगा नगर कार्यपालिकाको कार्यालयले आ.व. २०७९/८० देखि आ.व. २०८१/८२ को चैत सम्म भए गरेका कामको प्रगति विवरण यस प्रकार सार्वजनिकीकरण गरिएको छ ।

## १. शिक्षा, युवा तथा खेलकूद

बुढीगंगा नगरपालिकामा एउटा क्याम्पस, २९ (२१ वटा आधारभूत र ८ वटा माध्यामिक) वटा सामुदायिक विद्यालयहरू, ९ वटा संस्थागत विद्यालयहरू, ४१ वटा विद्यालयमा आधारित र एउटा समुदायमा आधारित गरी ४२ वटा बाल विकास केन्द्रहरू र ३ वटा सामुदायिक सिकाई केन्द्रहरू रहेका छन् ।

यस नगरपालिकामा रहेका सामुदायिक विद्यालयहरूमा १७८ जना शिक्षक, ४२ जना बालविकास सहजकर्ता र ४० जना अन्य कर्मचारी गरी २६० जना कार्यरत रहेका छन् ।

### (क)आ.व. २०७९/८०

| क.सं. | क्रियाकलाप | विवरण | विनियोजित रकम रु. | खर्च रकम रु. | खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| १ | स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण, छपाइ तथा प्रवोधिकरण | १ पटक प्रबोधिकरण अभिमूखीकरण तालिम भएको | २,५०,००० | २,५०,००० | १०० |
| २ | विद्यार्थी मूल्याङ्कन अभिलेख पुस्तिका छपाई तथा वितरण | कक्षा १-३ का लागि २१०० प्रति छपाइ | ३,५०,००० | ३,५०,००० | १०० |
| ३ | अंग्रेजी माध्यमबाट पठन-पाठन गर्ने विद्यालयलाई शिक्षक अनुदान | शिक्षक अनुदान | ४,००,००० | १९,७४१ | ४.९३ |
| ४ | पाठ्यक्रम प्रवोधिकरण तथा क्षमता विकास | शिक्षकहरूको क्षमता विकास गरिएको | ३,००,००० | ३,००,००० | १०० |
| ५ | गृहकार्य पुस्तिका, शिक्षक डायरी छपाइ तथा वितरण | कक्षा २-१२ सम्म गृहकार्य पुस्तिका-५०००, शिक्षक डायरी-५०० | ८,००,००० | ७,५९,१९५ | ९४.८९ |
| ६ | विद्यालय तथा नगरस्तरीय परीक्षा सञ्चालन तथा व्यवस्थापन | नियमित कार्यक्रम | १०,००,००० | १०,००,००० | १०० |
| ७ | तोकिएको मापदण्डमा उत्कृष्ट विद्यालय, शिक्षक र विद्यार्थीलाई प्रोत्साहन | कक्षा ५ र ८ का १० जना शिक्षक र १२ | २,००,००० | १,३३,००० | ८३ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | जना विद्यार्थीलाई प्रोत्साहन | | | |
| ८ | विद्यालयमा ICT स्थापना र सर्भर जडान | ३ वटा विद्यालय (त्रिशक्ति मा.वि., पशुपति मा.वि., बजेडी आ.वि.) | ५,००,००० | ४,६२,००० | ९२.४० |
| ९ | नगरस्तरीय वार्षिक शैक्षिक क्यालेण्डर प्रकाशन तथा वितरण | १८०० प्रति | २,००,००० | २,००,००० | १०० |
| १० | विद्यालय कक्षा समायोजजन तथा शिक्षक दरबन्दी मिलान | ३ वटा (त्रिपुरा सुन्दरी आ.वि., सान्निकोट भगवती आ.वि., ब्रम्हदेवस्थली आ.वि.) | २,५०,००० | १,५०,००० | ६० |
| ११ | स्थानीय पाठ्यक्रम र स्रोत सामाग्री निर्माण | पाठ्यक्रम तयारी | ५,००,००० | २,५१,४०० | ५०.२८ |
| १२ | नगर स्तरबाट सञ्चालन हुने प्रअ, शिक्षा समिति तथा अन्य बैठक सञ्चालन | नियमित | ३,००,००० | २,९०,२०० | ९६.७३ |
| १३ | विद्यालय अनुगमन तथा निरीक्षण | नियमित | २,००,००० | १,६९,००० | ८४.५० |
| १४ | प्रति विद्यार्थी लागतका आधारमा सिकाइ सामाग्री तथा डिजिटल सिकाइ सामाग्री व्यवस्थाका लागि विद्यालयलाई अनुदान | ECD देखि कक्षा १२ सम्मका सबै विद्यार्थी | ३३,४१,००० | ३६,४६,३५० | १०९.१४ |
| १५ | सार्वजनिक विद्यालयका विद्यार्थीहरूका लागि निशुल्क पाठ्यपुस्तक अनुदान | १-१२ कक्षा सम्मका ६२०१ विद्यार्थी | ४५,४७,००० | ४५,१०,७२८ | ९९.२० |
| १६ | सार्वजनिक विद्यालयका विद्यार्थीहरूका लागि छात्रवृत्ति | कक्षा १-८ का ३८०३ विद्यार्थी | २४,८०,००० | १९,७१,८०० | ७९.५० |
| १७ | विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान | २९ वटा | २१,६५,००० | २०,८५,००० | ९६.३१ |
| १८ | शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम | परम्परागत, वैकल्पिक, साक्षरता शिक्षा | ८,००,००० | ६,००,००० | ७५ |
| १९ | नमुना तथा विशेष विद्यालयको क्रमागत भवन निर्माण तथा कक्षा ११ स्तरोन्नती भएका प्राविधिक धारका विद्यालयको ल्यव व्यवस्थापन अनुदान | भानोदय नमूना मा.वि. | १,०१,००,००० | १,००,००,००० | ९९.०१ |
| २० | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढिकरण एवं कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | ६ वटा विद्यालय | ८९,५०,००० | ७९,५९,७५० | ८८.९३ |
| २१ | सार्वजनिक विद्यालयका छात्राहरूका लागि निशुल्क स्यानिटरी प्याड वितरण | ३३००० प्याड वितरण | २३,०७,००० | १५,१४,९०६ | ६५.६७ |
| २२ | माध्यामिक तहमा अंग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग | ६ वटा विद्यालयमा शिक्षक व्यवस्थापन | ३६,४७,००० | १८,२३,५२० | ५० |

| | | | | | |
|---|---|---|---|---|---|
| २३ | आधारभूत तहमा अंग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग | २ वटा विद्यालयमा शिक्षक व्यस्थापन | १०,८७,००० | ९,९९,४८० | ९१.९५ |
| २४ | कोभिड-१९ बाट पुगेको शैक्षिक क्षतिको परिपूर्ण तथा अन्य विपद्को समयमा सिकाइ निरन्तरता | निरन्तर | ५,००,००० | ४,८४,५०० | ९६.९० |
| २५ | कक्षा ९-१२ का विपन्न विद्यार्थीलाई छात्रवृत्ति | ६४ जना विद्यार्थी | ८,१०,००० | ८,१०,००० | १०० |
| २६ | विद्यालय कक्षाकोठा निर्माण | दुधिर आ.वि.मा ४ कोठे भवन | १,१०,००,००० | १,०६,५८,७३६ | ९६.९० |
| २७ | विद्यालयमा IT lab स्थापना सुदृढीकरण एवं Digital library व्यवस्थापन | त्रिशक्ति मा.वि.मा विज्ञान प्रयोगशाला र सिँगाडा मा.वि.मा कम्प्यूटर प्रयोगशाला व्यवस्थापन | १३,००,००० | १२,९६,४०० | ९९.७२ |

**असल अभ्यास तथा नवप्रर्वतनात्मक कार्यक्रमहरु**

- शिक्षा सम्बन्धी आवश्यक कानुन निर्माण भई कार्यन्वयन भएको ।
- दिवा खाजालाई कक्षा १ देखि ५ सम्मका विद्यार्थीहरुलाइ दैनिक रुपमा विद्यालमा व्यवस्थित गरिएको ।
- IEMIS तालिम सञ्चालन गरिएको, विद्यालयगत तथ्याङ्क लाई व्यवस्थित गरिएको ।
- सामाजिक परीक्षण र लेखा परीक्षण समयमा नै सम्पन्न गर्न लगाईएको ।
- सरोकारवालाहरुको क्षमता अभिवृद्धि तालिम सञ्चालन गरिएको ।

**समग्र कार्यक्रमका प्रमुख उपलब्धिहरू**

- शिक्षक तलब भत्ता मासिक रुपमा निकाशा गर्ने गरिएको । शिक्षकहरुको छुट प्राविधिक ग्रेड उपलब्ध गराईएको
- सशर्त अनुदानको सबै कार्यक्रम सम्पन्न भएको ।
- छात्रवृत्ति, दिवाखाजा, पाठ्यपुस्तक लगायतका अनुदान रकम समयमै निकासा दिइएको ।
- प्रत्येक विद्यार्थीले समयमानै पाठ्यपुस्तक प्राप्त गरेका ।
- पाठ्यक्रमले तोकेको मूल्यांकन प्रक्रियाको आधारमानै मुल्यांकन गरिएको
- कक्षा ८ को परीक्षालाई नगरपालिका स्तरबाट सञ्चालन, प्रमाणीकण र अभिलेखिकरण गरिएको ।
- कक्षा १ देखि ९ सम्मको परीक्षा प्रणालिलाइ एकरुपता कायम गरिएको ।
- विद्यालय अनुगमन तथा निरीक्षणलाई नियमित गरिएको ।
- कार्यक्रम कार्यान्वयनका क्रममा अपनाउनु पर्ने प्रक्रिया र पुऱ्याउनु पर्ने विधिका सम्बन्धमा कम्प्यूटर प्रयोगशाला व्यवस्थापन छलफल र अन्तरक्रिया

- शैक्षिक सुशासन तथा वित्तीय व्यवस्थापन सुधार कार्यशाला सञ्चालन गरी बेरुजुलाई न्यूनीकरण गर्दै लाने प्रतिबद्धता गरेको

**(ख) आ.व. २०८०/८१**

| क्र.सं. | क्रियाकलाप | विवरण | विनियोजन रकम रु. | खर्च रकम रु. | खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| १ | विद्यालय अनुगमन तथा निरीक्षण | १२ वटा विद्यालय | २,००,००० | ७०,०२० | ३५ |
| २ | नगर प्रमुख शैक्षिक सुधार कार्यक्रम | ३ वटा विद्यालयमा फर्निचर सहयोग (त्रिशक्ति, भगवती र सिँगाडा मा.वि.) | १०,००,००० | ९,९१,८४६ | ९९ |
| ३ | नगर स्तरबाट सञ्चालन हुने प्रअ, शिक्षा समिति तथा अन्य बैठक सञ्चालन | नियमित | ३,५०,००० | ३,५०,००० | १०० |
| ४ | नगरस्तरीय वार्षिक शैक्षिक क्यालेण्डर प्रकाशन तथा वितरण | ५००० प्रति | ३,००,००० | २,८०,७४३ | ९४ |
| ५ | स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण, छपाइ तथा प्रवोधिकरण | कक्षा १-८ को २५० प्रति पाठ्यक्रम छपाई | ३,००,००० | २,७५,१०० | ९२ |
| ६ | विद्यार्थी मूल्यांकन अभिलेख पुस्तिका छपाई तथा वितरण | २१०० कपी | ३,४०,००० | २,९५,००० | ८७ |
| ७ | गृहकार्य पुस्तिका, शिक्षक डायरी छपाइ तथा वितरण | कक्षा २-१२ सम्म गृहकार्य पुस्तिका-५०००, शिक्षक डायरी-३०० | ८,००,००० | ८,००,००० | १०० |
| ८ | विद्यालय गाभेको र कक्षा घटाए वापत अनुदान | ६ वटा विद्यालयलाई अनुदान | १८,००,००० | १८,००,००० | १०० |
| ९ | राष्ट्रपति रनिङ शिल्ड | नगरपालिका र जिल्ला स्तरीय | १३,००,००० | १२,९३,७९५ | ९९.५२ |
| १० | नगर प्रमुख खुला भलिबल प्रतियोगिता | १ पटक | १०,००,००० | १८,००,००० | १८० |
| ११ | प्रश्नपत्र निर्माण Item Analysis सम्बन्धी कार्यशाला | सामुदायिक विद्यालयबाट १-१ जना सहभागी गोष्ठी | १,४०,००० | ६४७४० | ४६ |
| १२ | केन्द्रबाट छनोट भएका विद्यालय, विशेष विद्यालयको क्रमागत भवन निर्माण तथा कक्षा ११ स्तरोन्नती भएका प्राविधिक धारको ल्याव व्यवस्थापन | भानोदय नमूना मा.वि. | १,००,००,००० | १,००,००,००० | १०० |
| १३ | सार्वजनिक विद्यालयका विद्यार्थीहरूका लागि निशुल्क पाठ्यपुस्तक अनुदान | १-१२ कक्षा सम्मका ६९३८ विद्यार्थी | ४५,४७,००० | ३६,६०,९७७ | ८०.५१ |
| १४ | विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान | २९ वटा | २४,८५,००० | २०,८१,००० | ८३.७४ |

| | | | | | |
|---|---|---|---|---|---|
| १५ | शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम | परम्परागत, वैकल्पिक, साक्षरता शिक्षा ३ वटा विद्यालयमा | १०,००,००० | ६,९०,००० | ६९ |
| १६ | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढिकरण एवं कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | १३ वटा विद्यालय | ७,००,००० | ६,००,००० | ८५.७१ |
| १७ | प्रति विद्यार्थी लागतका आधारमा शिक्षण सामाग्री अनुदान | ECD देखि कक्षा १२ सम्मका सबै विद्यार्थी | ३३,६६,००० | ३४,९१,३५० | १०४ |
| १८ | सार्वजनिक विद्यालयका विद्यार्थीहरूका लागि छात्रवृत्ति | कक्षा १-८ का ३२०२ विद्यार्थी | २४,७९,००० | १५,५६,००० | ६२.७७ |
| १९ | सामुदायिक विद्यालयका छात्राहरूका लागि निशुल्क स्यानिटरी प्याड वितरण | १६५० छात्रालाई ३३००० प्याड वितरण | २३,३५,००० | २१,२६,६०४ | ९१.०८ |
| २० | माध्यामिक तहमा अंग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग | ७ वटा विद्यालयमा शिक्षक व्यवस्थापन | ३९,७५,००० | २७,९८,३४३ | ७०.४ |
| २१ | आधारभूत तहमा अंग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग | ३ वटा विद्यालयमा शिक्षक व्यस्थापन | १३,५५,००० | ११,५१,८७८ | ८५.०१ |
| २२ | कक्षा ९-१२ का विपन्न विद्यार्थीलाई छात्रवृत्ति | ६६ जना विद्यार्थी | ८,१०,००० | ८,१०,००० | १०० |
| २३ | शैक्षिक सुशासनका लागि संस्थागत क्षमता विकास विद्यार्थी परीक्षण मूल्याङ्कन शिक्षक मेन्टरिङ तथा विद्यालय सुपरीवेक्षण | नगरस्तरीय परीक्षा सञ्चालन | १०,४५,००० | १,९२,६९५ | १८.४४ |
| २४ | सिकाइ उपलब्धी वृद्धिका लागि उपचारात्मक शिक्षण | २६ वटा विद्यालयमा कक्षा ३,५,८,१० मा अतिरिक्त कक्षा सञ्चालन | २३,००,००० | २३,१८,१२५ | १०१ |
| २५ | उपलब्धि परिक्षा सञ्चालन | १ पटक | ११,५०,००० | ९,२५,३८७ | ८० |
| २६ | शिक्षकको मागमा आधारित क्षमता विकास तालिम | १ पटक | १३,००,००० | ८,२४,४६० | ६३ |

**<u>आ.व. २०८०/८१ मा भएका मुख्य क्रियाकलापहरूः</u>**

- राष्ट्रिय खेलकुद परिषद्को प्रशिक्षणमा एक विद्यालय एक खेलकूद शिक्षक उत्पादन गरी जम्मा ३७ जना विद्यालय खेल शिक्षक उत्पादन
- सबै सामुदायिक विद्यालयमा भलिबल, मार्सल आर्टस् र अन्य खेल सिकाउने गरी ४ जना खेलकुद प्रशिक्षक नियुक्त
- प्रारम्भिक बालविकास सहजकर्तालाई ३ दिने क्षमता विकास तालिम सञ्चालन गरिएको छ भने आधारभूत तहका शिक्षकलाई ५ दिने क्रियाकलापमा आधारित क्षमता विकास तालिम सञ्चालन
- सामुदायिक तथा संस्थागत विद्यालयका शिक्षकलाई ICT सम्बन्धी क्षमता विकास तालिम सञ्चालन

- ७ वटा विद्यालयमा कक्षा समायोजन कार्यान्वयन भएको छ जसमा सत्यवादी आ.वि., बहालीकोट आ.वि., कुँडीकोट आ.वि., कुँडी आ.वि., मुद्धा परेका- राजेन्द्र आ.वि., बजेडी आ.वि., जनप्रभात आ.वि. रहेका छन्
- विषयगत तथा कक्षागत आधारमा शिक्षक तथा प्रारम्भिक बालविकास सहजकर्ताको मिलान
- शिक्षण सिकाइ अनुदान अन्तर्गत वसन्त बालमैत्री आ.वि. मा अंग्रेजी माध्यमबाट पठन-पाठन गर्ने शिक्षक अनुदान दिइएको छ
- प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिसँग शैक्षिक सुधारका लागि अन्तरक्रिया कार्यक्रम गरिएको छ भने ८४ जना शिक्षकको कार्यसम्पादन मूल्याङ्कन गरिएको छ
- सिकाइ सुधारका लागि अतिरिक्त कक्षा सञ्चालन
- विद्यालयको सामाजिक तथा कानुनी लेखापरीक्षण समयमै सम्पन्न गराएको
- प्रारम्भिक बालकक्षामा पाठ्यक्रममा आधारित पाठ्यपुस्तकको व्यवस्था गरिएको
- विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम र दिवा खाजा व्यवस्थापन कार्यक्रम अन्तर्गत ५ वटा बालमैत्री धारा निर्माण गरिएको
- बहालीकोट आ.वि.मा २ कोठे विद्यालय भवन र त्रिशक्ति मा.वि.मा १६ कोठे छात्राबास निर्माण गरिएको छ
- दुधिर आ.वि. मा विज्ञान प्रयोगशाला र भगवती मा.वि.मा विद्यालयमा कम्प्यूटर प्रयोगशाला व्यवस्थापन गरिएको छ

**(ग) आ.व. २०८१/८२ को चैत महिना सम्म**

| क्र.सं. | क्रियाकलाप | विवरण | विनियोजन रकम रु. | खर्च रकम रु. | खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| १ | केन्द्रबाट छनोट भएका विद्यालय, विशेष विद्यालयको स्वीकृत गुरुयोजना अनुरुप भौतिक पुर्वाधार विकास, प्राविधिक धार तर्फ कक्षा ९ सञ्चालन गर्ने विद्यालयलाई ल्याव व्यवस्थापन | श्री भानोदय नमूना मा.वि. | १,००,००,००० | २७,५०,००० | २७.५ |
| २ | सार्वजनिक विद्यालयका विद्यार्थीहरूका लागि निशुल्क पाठ्यपुस्तक अनुदान | १-१२ कक्षा सम्मका ५६१० विद्यार्थी | ४२,२५,००० | २०,८३,०३३ | ४९.३ |
| ३ | विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान | २९ वटा विद्यालय | २२,०३,००० | २१,६२,००० | ९८.१४ |
| ४ | शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम | नियमित | १७,४५,००० | ३,४४,३५९ | १९.७३ |
| ५ | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढिकरण एवं कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | ४ वटा विद्यालयमा प्रदान | ६१,०५,००० | १५,२०,००० | २४.९ |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | प्रति विद्यार्थी लागतका आधारमा तथा डिजिटल शिक्षण सामाग्री अनुदान | ECD देखि कक्षा १२ सम्मका सबै विद्यार्थी | ३१,१५,००० | ३०,६३,२०० | ९८.३४ |
| ७ | सार्वजनिक विद्यालयका विद्यार्थीहरूका लागि छात्रवृत्ति | कक्षा १-५ का १५४१ जना विद्यार्थी | १८,१२,००० | ९,७७,४०० | ५३.९४ |
| ८ | माध्यामिक तह (९-१०) मा अंग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग | १० वटा विद्यालयमा शिक्षक व्यवस्थापन | ६९,३,६,००० | ४२,४८,९७२ | ६१.२६ |
| ९ | आधारभूत तह (६-८) मा अंग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग | ३ वटा विद्यालयमा शिक्षक व्यस्थापन | १३,८४,००० | ७,८२,९०२ | ५६.५७ |
| १० | विपद्का समयमा सिकाइ निरन्तरताका लागि सिकाइ आपुरण तथा द्रुत सिकाइ योजना | अभिमुखीकरण कार्यक्रम | १०,००,००० | २,९८,९८६ | २९.९ |
| ११ | शैक्षिक सुशासनका लागि संस्थागत क्षमता विकास विद्यार्थी परीक्षण मूल्याङ्कन शिक्षक मेन्टरिङ तथा विद्यालय सुपरीवेक्षण | नगर स्तरीय परीक्षा सञ्चालन | १०,४५,००० | ६०,००० | ५.७४ |
| १२ | राजेन्द्र आ.वि. र धुरालसैन मा.वि.को गत आ.व.मा भौतिक निर्माणमा कार्यसम्पन्न भई भुक्तानी बाँकी रकम अनुदान | दुई वटा विद्यालयको रकम भुक्तानी | ५४,००,००० | ३४,०७,००० | ६३.०९ |
| १३ | राष्ट्रपति रनिङ शिल्ड | नगर र जिल्ला स्तरीय | | | |
| १४ | नगरस्तरीय विद्यालय परीक्षा सञ्चालन तथा व्यवस्थापन | नियमित | १०,००,००० | ८,८७,५५६ | ८८ |
| १५ | विद्यालय अनुगमन तथा निरीक्षण | नियमित | ५०,००० | २५,५०० | ५१ |

**आ.व. २०८१/८२ मा भएका मुख्य क्रियाकलापहरू:**

- शिक्षकको वार्षिक तलबी प्रतिवेदन राष्ट्रिय किताबखानाबाट पारित
- २८ वटा विद्यालयका कक्षा ३-८ मा अतिरिक्त कक्षा सिकाइ उपलब्धी वृद्धिका लागि उपचारात्मक शिक्षण सञ्चालन
- थुमा मा.वि. मा कम्प्यूटर प्रयोगशाला व्यवस्थापन
- शिक्षण सिकाई अनुदान कोटा वितरण तथा पदपुर्ति
- नमूना विद्यालय भौतिक पूर्वाधार निर्माण सम्बन्धी सम्झौता र नमूना विद्यालय शैक्षिक तथा व्यवस्थापकीय कार्यको सम्झौता
- सिकाई आपुरण तथा द्रुत सिकाई योजना सम्बन्धी अभिमूखीकरण कार्यक्रम सञ्चालन
- विद्यार्थीको सिकाई स्तर पहिचानका लागि कक्षा ३ देखि ८ सम्मका १८ वटा विषयमा Baseline Survey परीक्षा सञ्चालन
- विद्यालयको सामाजिक परीक्षण सम्पन्न

- रिक्त दरबन्दीमा शिक्षक सरुवा तथा करार मार्फत शिक्षक पदपुर्ति
- नगरस्तरीय तथा जिल्ला स्तरीय राष्ट्रपति रनिङ शिल्ड सञ्चालन
- खेलाडी विद्यार्थीलाई आवासीय सुविधा सहित खेल प्रशिक्षण सञ्चालन
- वार्षिक शैक्षिक कार्यक्रमको बारेमा प्रधानाध्यापकलाइ अभिमुखीकरण कार्यक्रम सञ्चालन गरेको
- माध्यमिक विद्यालय स्तरीय नगर स्तरको हाजिरीजवाफ प्रतियोगिता सञ्चालन
- दिवा खाजा कक्षा ८ सम्म विस्तार भएको
- नगर शिक्षा योजना निर्माणका लागि समिति गठन
- विद्यालयमा डिस्पोजल मेसिन जडानको कार्य भइरहेको
- विद्यालयमा भान्छाकोठा निर्माण सम्बन्धी कार्यविधी निर्माण
- सामुदायिक सिकाई केन्द्र परिचालक छनोट तथा सिफारिस सम्बन्धी कार्यविधी निर्माण
- शिक्षकको कार्यसम्पादन मूल्याङ्कन सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन
- विद्यार्थीको आन्तरिक मूल्याङ्कन व्यवस्थापन सम्बन्धी छलफल
- विद्यालय स्वास्थ्य पोषण सम्बन्धी तालिम सञ्चालन
- अन्य नियमित शाखाबाट सम्पादन हुने कार्यहरु सम्पादन भएका

**<u>आगामी वर्ष सुधारका लागि सुझाव</u>**

- नतिजा सुधारका लागि विशेष तयारी कक्षा कम्तिमा ३ महिनामा एकचोटी सञ्चालन गर्नुपर्ने
- विद्यालयमा न्यूनतम् अवस्था खानेपानी, शौचालय, फर्निचरको व्यवस्थापन गर्नुपर्ने
- प्राथमिक तहमा कम्तिमा प्रति कक्षा एक शिक्षकको व्यवस्था गर्नुपर्ने
- विषयगत शिक्षक नेटवर्क निर्माण तथा नियमित छलफल गर्ने वातावरण सिर्जना गर्नुपर्ने
- कम्तिमा ५ पटक नमूना परीक्षा सञ्चालन गर्नुपर्ने
- दिवा खाजा व्यवस्थित गर्नुपर्ने
- लेखापाल र लेखासम्बन्धी काम गर्ने शिक्षकको क्षमता विकास गर्नुपर्ने
- विद्यालयको नियमित अनुगमन गर्नुपर्ने
- स्थानीय पाठ्यक्रममा आवश्यक परिमार्जन तथा स्थानीय पाठ्यक्रमको पठनपाठनलाई व्यवस्थित गर्न पाठ्यपुस्तक लेखन तथा छपाइ गर्न आवश्यक व्यवस्था गर्नुपर्ने
- प्रारम्भिक बालकास कक्षालाई थप सामाग्री सहित व्यवस्थित गर्नुपर्ने

## २. कृषि

बुढीगंगा नगरपालिकाका ८०% भन्दा बढी जनताहरू कृषि पेशामा आधारित छन् । यहाँको २२४५ हे. (३८%) भूभाग खेतीयोग्य रहेको छ र ८०% भन्दा बढी भूभाग फलफूल खेतियोग्य रहेको छ । कृषि तथा पशुपक्षी विकासको क्षेत्र केवल जीवन निर्वाहमुखी रहेको छ भने कृषि व्यवसायीहरू अत्यन्त न्यून मात्रामा रहेका छन् । कृषकहरू मुख्यरूपमा धान, गहुँ, कोदो, मकै खेतीमा निर्भर रहेता पनि आलु, तरकारी,

सुन्तला जातका फलफूल, दलहन बाली, कोदो, जौ, जस्ता रैथाने बाली, तथा अन्य नगदे बालीहरू को प्रचुर सम्भावना रहेको छ ।

(क)आ.व. २०७९/८०

| क्र.सं. | क्रियाकलाप | विवरण | विनियोजन रु. | खर्च रु. | खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| १ | उत्पादन तथा आधुनिक खेती प्रविधि हस्तान्तरण | २० जना कृषकको बारीमा आधुनिक खेती प्रविधि अभ्यास गरिएको | १,००,००० | १,००,००० | १०० |
| २ | तरकारी बाली (मुला, रायो, केराउ) को मिनिकिट वितरण | सबै वडाका ५०० जना कृषकलाई हिउदे, वसन्ते र बर्खे तरकारीको बिउ वितरण | १,००,००० | १,००,००० | १०० |
| ३ | कृषि मेला, खाद्य परिकार प्रदर्शनी र उत्कृष्ट कृषक पुरस्कार वितरण | ३८ जना कृषकहरू व्यवसायिक कृषि खेती गरे बापत पुरस्कृत | १,५०,००० | १,५०,००० | १०० |
| ४ | उन्नत तथा हाइब्रिड तरकारी बिउ वितरण | ५०० जना कृषकलाई काउली, बन्दा, खुर्सानी, टमाटर, रायो, गाजर, लहरे तरकारी बालीको बिउँ वितरण | ३,००,००० | ३,००,००० | १०० |
| ५ | खाद्यान्न बालीको मिनिकिट वितरण | १५० जना कृषकलाई धान, गहुँ, मकैको बिउँ वितरण | १,५०,००० | १,५०,००० | १०० |
| ६ | बाली कटानी कार्यक्रम (धान, गहुँ, मकै) | ५० कृषकको बारीमा | ५०,००० | ५०,००० | १०० |
| ७ | सिडबिन र सुपरग्रिन ब्याग वितरण | ११० जना कृषकलाई वितरण, २२० क्विन्टल आलु सुरक्षित गरिएको | १,५०,००० | १,५०,००० | १०० |
| ८ | ५०% अनुदानमा आलु वितरण | ५०० जना कृषकलाई १३३ क्विन्टल वितरण | ४,००,००० | ४,००,००० | १०० |
| ९ | रासायनिक मल ढुवानी अनुदान | सबै वडाका करिब ६५% कृषकलाई अनुदान | ६,००,००० | ६,००,००० | १०० |
| १० | जंगली मेलमा नासपाती कलमी र फलफूल बगैचा काँटछाँट | ५०० बोट मेलमा कलमी, ३०० सुन्तला काँटछाँट | १,००,००० | १,००,००० | १०० |
| ११ | साना सिँचाइ प्रवर्द्धन | १५ जना कृषकलाई पाइप वितरण | १,५०,००० | १,५०,००० | १०० |
| १२ | ५०% अनुदानमा कृषि औजार तथा सामाग्री वितरण | ७५ जना कृषकलाई प्लास्टिक टनेल हजारी, स्प्रेयर, गार्डेन पाइप वितरण | १,५०,००० | १,५०,००० | १०० |
| १३ | फलफूल विकास कार्यक्रम | वडा नं. २ र ४ का ४५ जना कृषकलाई ओखर, स्याउ र पुलमका बिरुवा वितरण | ५,००,००० | ५,००,००० | १०० |
| १४ | रैथाने बाली प्रवर्द्धन | वडा नं. १ र २ का १०० जना कृषक लाभान्वित हुने | १०,५०,००० | १०,५०,००० | १०० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | गरी फाँपर, कागुनो, झुमरोको पकेट क्षेत्र निर्माण | | | |
| १५ | आलु बाली पकेट विकास | वडा नं. १ (कुँडी) र २ (मुसी) मा पकेट क्षेत्र निर्माण | ६,००,००० | ६,००,००० | १०० |
| १६ | दलहन बाली नयाँ पकेट विकास | वडा नं. १० मा दलहन बाली (मास, भटमास, गहत) को पकेट निर्माण | १२,००,००० | १२,००,००० | १०० |

## (ख) आ.व. २०८०/८१

| क.सं. | क्रियाकलाप | विवरण | विनियोजन रु. | खर्च रु. | खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| १ | तरकारी बाली (मुला, रायो, केराउ) को मिनिकिट वितरण | सबै वडाका ७०० जना कृषकलाई हिउदे, वसन्ते र वर्खे तरकारीको बिउ वितरण | ४,५०,००० | ४,५०,००० | १०० |
| २ | कृषि मेला, खाद्य परिकार प्रदर्शनी र उत्कृष्ट कृषक पुरस्कार वितरण, दिवस सञ्चालन | २५ जना कृषकलाई रु. ५००० का दरले व्यवसायिक तरकारी र फलफूल खेती गरे बापत पुरस्कृत | २,००,००० | २,००,००० | १०० |
| ३ | उन्नत तथा हाइब्रिड तरकारी बिउ वितरण | ५०० जना कृषकलाई काउली, बन्दा, खुर्सानी, टमाटर, लहरे बालीको बिउँ वितरण | ३,००,००० | ३,००,००० | १०० |
| ४ | खाद्यान्न बालीको मिनिकिट वितरण | २० जना कृषकलाई १० क्विन्टल धान, गहुँ र कोदोको बिउँ वितरण | १,००,००० | १,००,००० | १०० |
| ५ | ५०% अनुदानमा आलु बिउ वितरण | सबै वडाका ५०% कृषकलाई १५० क्विन्टल आलुको बिउँ वितरण | ५,००,००० | ५,००,००० | १०० |
| ६ | दिवस तथा समारोह | धान दिवस | १,००,००० | १,००,००० | १०० |
| ७ | रासायनिक मल ढुवानी अनुदान | सबै वडाका करिब ६०% कृषकलाई अनुदान | १०,००,००० | १०,००,००० | १०० |
| ८ | ५० % अनुदानमा कृषि औजार तथा सामाग्री वितरण | १० जना कृषकलाई पाइप र १५ जना कृषकलाई प्लाष्टिक टनेल वितरण | २,००,००० | २,००,००० | १०० |
| ९ | फलफूल विकास कार्यक्रम | सबै वडामा आँप, लिची, सुन्तला, कागती, मौसमीका १५००० बिरुवा वितरण | ५,००,००० | ५,००,००० | १०० |
| १० | समूहगत रुपमा उन्नत प्रविधि प्रदर्शन | वडा नं. १ कुँडी, वडा नं. ६ फालासैन, वडा नं. १० सिँगाडामा कृषक पाठशाला | ५,००,००० | ५,००,००० | १०० |
| १० | रैथाने बाली प्रवर्द्धन | वडा नं. १ र २ का १०० जना कृषक लाभान्वित हुने | ५,००,००० | ५,००,००० | १०० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | गरी फाँपर, कागुनि, झुमरोको पकेट क्षेत्र निर्माण | | | |
| ११ | दलहन बाली नयाँ पकेट विकास | वडा नं. १० मा दलहन बाली (मास, भटमास, गहत) को पकेट निर्माण | ६,००,००० | ६,००,००० | १०० |
| १२ | निशुल्क बाली संरक्षण सेवा | २५३ जना कृषकलाई रासायनिक तथा जैविक विषादी वितरण तथा बाली उपचार सेवा | १,५०,००० | १,५०,००० | १०० |
| १३ | कृषि बाली पात्रो छपाइ र वितरण | १००० बाली पात्रो छपाइ र वितरण | १,००,००० | १,००,००० | १०० |
| १४ | आकस्मिक बाली संरक्षण सेवा | वडा नं.६, बोहोराबाडा र वडा नं. ५, नुवाघरका कृषकको ३ हे. जमिनमा फैलिएको सिन्दुरे रोग नियन्त्रण | १,००,००० | १,००,००० | १०० |
| १५ | कृषि जैविक विविधता संरक्षण कार्यक्रम | बुढीगंगा नगरपालिकामा जैविक विविधता झल्किने गरी खाद्य परिकार प्रदर्शनी | ५,००,००० | ५,००,००० | १०० |
| १६ | किसान सूचीकरण | १००० जना कृषक सूचीकृत गरिएका | २,४९,००० | २,४९,००० | १०० |

**(ग) आ.व. २०८१/८२ को चैत महिना सम्म**

| क.सं. | क्रियाकलाप | विवरण | विनियोजन रु. | खर्च रु. | खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| १ | कृषि तथा पशु सेवा शाखामा कार्यरत कर्मचारीहरूको क्षमता विकास तालिम | २० जना फिल्ड तहका कर्मचारीको क्षमता विकास तालिम, कृषि-पशु बीमा सम्बन्धी अभिमुखीकरण | १,२०,००० | १,२०,००० | १०० |
| २ | कृषक समूहको क्षमता अभिवृद्धि | ३५ जना कृषकले समूह व्यवस्थापन र लेखा व्यवस्थापन तालिम प्राप्त गरेका | १,३०,००० | १,३०,००० | १०० |
| ३ | तरकारी बाली (मुला, रायो, केराउ) को मिनिकिट तथा उन्नत बिउँ वितरण | सबै वडाका ३५० जना कृषकलाई हिउदे, वसन्ते र बर्खे तरकारीको बिउ वितरण | ५,००,००० | ४,००,००० | ८० |

**आ.व. २०७९/८० देखि आ.व. २०८१/८२ को चैत महिना सम्म कृषि विकासको क्षेत्रमा भएका मुख्य कामहरू:**

- १० वर्षे कृषि रणनीति तयार गरेर कार्यान्वयनमा ल्याइएको छ भने कृषि ऐन तयारीको चरणमा रहेको छ
- बाह्रबिस र ब्रहमतोलामा कृषि सेवा केन्द्र विस्तार गरिएको छ

- व्यवसायिक तरकारी खेती, दलहन र रैथाने बालीको क्षेत्र विस्तार भएको छ
- कृषि तथा पशु सेवा प्राविधिकहरूलाई बीमा अभिकर्ता बनाई कृषि-पशु बीमा अनिवार्य गरिएको छ
- एक वडा एक उत्पादन, एक वडा एक कृषि प्राविधिकको नीति कार्यान्वयन गरिएको छ
- कृषि ज्ञान केन्द्रको सहकार्यमा कृषक पाठशाला, उत्पादनमा आधारित अनुदान कार्यक्रम, फलफूल विकास कार्यक्रम, कृषि औजार वितरण कार्यक्रम निरन्तर सञ्चालन

## ३. पशु विकास

बुढीगंगा नगरपालिकामा धेरैजसो कृषकले केवल निर्बाहका लागि भैंसी, गाइ, गोरु, बाख्रा तथा पक्षी पालन गर्ने गरेका छन् । थोरैले मात्र व्यवसायिक रुपमा कुखुरा (ब्रोइलर), बाख्रा र बंगुर पालन गर्ने गरेका छन् ।

### (क) आ.व. २०७९/८०

| क.सं. | क्रियाकलाप | विवरण | विनियोजन रु. | खर्च रु. | खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| १ | निशुल्क पशुपक्षी उपचारका लागि औषधि खरिद | मेडिकल उपचार-७४४५, माइनर सर्जिकल-२१६, गाइनो-४२०, बन्ध्याकरण-१५५ | १२,००,००० | १२,००,००० | १०० |
| २ | निशुल्क पशुपक्षी उपचार घुम्ती शिविर | २२३ जना कृषकका १९२५ पशुपक्षीलाई उपचार | ३,३०,००० | ३,३०,००० | १०० |
| ३ | आन्तरिक तथा बाह्य परिजीवि नियन्त्रणका लागि कृषक घरगोठ अभियान | ३५०१ बाख्रामा इन्जेक्सन, ८१० गाइभैंसीलाई औषधि | ४,५०,००० | ४,५०,००० | १०० |
| ४ | भ्याक्सिनेसन कार्यक्रम | रेबिज खोप-२१३, फल्पक्स कुखुरा-५०००, गम्बोरो-५०००, रानीखेत- ५००० | ३,५०,००० | ३,५०,००० | १०० |
| ५ | पशुसेवा परामर्श केन्द्र व्यवस्थापन | बाह्रबिस र ब्रहम्तोलामा | १,००,००० | १,००,००० | १०० |
| ६ | घाँस विकास कार्यक्रम | १० वटै वडाका १०० जना कृषकलाई डालेघाँस अनुदान | १,२०,००० | १,२०,००० | १०० |
| ७ | कृतिम गर्भाधान मिसन कार्यक्रम | आवश्यक सामागीको तयारी गरेको | ३,३०,००० | ३,३०,००० | १०० |
| ८ | पशुपक्षी रोग अन्वेषण नमुना सङ्कलन तथा प्रेषण | १२ पटक विभिन्न रोगको नमूना सङ्कलन गरी प्रयोगशालामा परीक्षण गरी उपचार | १०,००० | १०,००० | १०० |

### (ख) आ.व. २०८०/८१

| क.सं. | क्रियाकलाप | विवरण | विनियोजन रु. | खर्च रु. | खर्च प्रतिशत |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १ | निशुल्क पशुपक्षी उपचारका लागि औषधि खरिद | मेडिकल उपचार-८५९०, माइनर सर्जिकल-२७४, गाइनो-५१३, बन्ध्याकरण-१२६ | १४,००,००० | १४,००,००० | १०० |
| २ | निशुल्क पशुपक्षी उपचार घुम्ती शिविर | ८६४ पशुपक्षीको उपचार, २१ वटा बहर-बोकाको बन्ध्याकरण | १,५०,००० | १,५०,००० | १०० |
| ३ | आन्तरिक तथा बाह्य परिजीवि नियन्त्रणका लागि कृषक घरगोठ अभियान | २१४० बाखामा इन्जेक्सन, ६४० गाइभैंसीलाई औषधि | ३,००,००० | ३,००,००० | १०० |
| ४ | भ्याक्सिनेसन कार्यक्रम | रेबिज खोप-१४०, फल्पक्स खोप-५०००, गम्बोरो-५०००, रानीखेत- ५००० | ३,००,००० | ३,००,००० | १०० |
| ५ | पशुसेवा परामर्श केन्द्र व्यवस्थापन | बाहबिस र ब्रहम्तोलामा | १,००,००० | १,००,००० | १०० |
| ६ | घाँस विकास कार्यक्रम | १०० जना कृषकलाई घाँसको बिउँ वितरण | १,४०,००० | १,४०,००० | १०० |
| ७ | कृषि पशुपक्षी, मत्स्य तथ्याङ्क अद्यावधिक | तथ्याङ्क सङ्कलन | ५०,००० | ५०,००० | १०० |
| ८ | कृतिम गर्भाधान मिसन कार्यक्रम | AI प्रविधिद्वारा ७ वटा गाई, १ भैंसीको गर्भाधारण परिक्षण | १,८८,००० | १,८८,००० | १०० |
| ९ | माहामारी आकस्मिक रोग नियन्त्रण | बाखामा फैलिएको Entroxmia, गाइभैंसीमा देखा परेको चरचरे र भ्यागुत्ते रोगको उपचार | १,००,००० | १,००,००० | १०० |

### (ग) आ.व. २०८१/८२ को चैत महिना सम्म

| क.सं. | क्रियाकलाप | विवरण | विनियोजन रु. | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| १ | निशुल्क पशुपक्षी उपचारका लागि औषधि खरिद | मेडिकल उपचार-४२३६, माइनर सर्जिकल-२०५, गाइनो-२५३, बन्ध्याकरण-१०४ | १५,००,००० | ९,०५,००० | ६० |
| २ | निशुल्क पशुपक्षी उपचार घुम्ती शिविर | भेटेरिनरी अस्पताल, भानोदय मा.वि., सहास नेपालको सहकार्यमा ९१० वटा पशुपक्षीको उपचार | - | - | - |
| ३ | भ्याक्सिनेसन कार्यक्रम | भेटेरिनरी अस्पताल, बाजुराको सहकार्यमा ८०० वटा बाखामा PPR खोप, ११२ कुकुरमा रेबिज खोप | - | - | - |

**आ.व. २०७९/८० देखि आ.व. २०८१/८२ को चैत महिना सम्म पशु सेवाको क्षेत्रमा भएका मुख्य कामहरू:**

- बाहबिस र ब्रहमतोलामा पशु सेवा परामर्श केन्द्र विस्तार गरिएको छ

- कृषि तथा पशु सेवा प्राविधिकहरूलाई बीमा अभिकर्ता बनाई कृषि-पशु बीमा अनिवार्य गरिएको छ
- एक वडा एक पशु प्राविधिकको नीति कार्यान्वयन गरिएको छ

## ४. सहकारी

बुढीगंगा नगरपालिकामा जम्मा ३१ वटा सहकारी संस्थाहरू दर्ता रहेका छन् । जसमा २०७४ साल भन्दा पहिले डिभिजन सहकारी कार्यालय, डोटी अन्तर्गत दर्ता भएका २५ वटा र तत् पश्चात बुढीगंगा नगरपालिकामा दर्ता भएका ६ वटा रहेका छन् । बुढीगंगा नगरपलिका मातहात रहेका सहकारीहरूको विवरण निम्नानुसार रहेको छ ।

| क्र.सं. | नाम | ठेगाना | कार्यक्षेत्र | हालको स्थिति |
|---|---|---|---|---|
| १ | साना किसान कृषि सहकारी | बुढीगंगा- ६ | साविक कुल्देवमाण्डौं | एकीन नभएको |
| २ | ममता कृषि महिला सहकारी | बुढीगंगा- ९ | साविक बाह्रबिस | एकीन नभएको |
| ३ | एकता कृषि सहकारी | बुढीगंगा- २ | साविक ब्रह्मतोला | एकीन नभएको |
| ४ | बडीमष्टा वचत तथा ऋण सहकारी | बुढीगंगा- ७ | साविक बाह्रबिस | एकीन नभएको |
| ५ | बडीमालिका साना किसान कृषि सहकारी | बुढीगंगा- ९ | साविक बाह्रबिस | क्रियाशिल |
| ६ | नमूना कृषि उत्पादक वचत तथा ऋण सहकारी | बुढीगंगा- ८ | साविक बाह्रबिस | एकीन नभएको |
| ७ | ग्रामीण पहुँच कृषि सहकारी | बुढीगंगा- ७ | साविक बाह्रबिस | एकीन नभएको |
| ८ | सूर्यचन्द्र कृषि सहकारी | बुढीगंगा- ५ | साविक कुल्देवमाण्डौं | एकीन नभएको |
| ९ | एकीकृत कोट कृषि सहकारी | बुढीगंगा- ४ | साविक कुल्देवमाण्डौं | एकीन नभएको |
| १० | बलैमष्टा बहुउद्धेश्यीय सहकारी | बुढीगंगा- ४ | साविक कुल्देवमाण्डौं | एकीन नभएको |
| ११ | चुल्ठेदेवी बहुउद्धेश्यीय सहकारी | बुढीगंगा- ९ | साविक बाह्रबिस | एकीन नभएको |
| १२ | बाह्रबिस मिलन बहुउद्धेश्यीय सहकारी | बुढीगंगा- ९ | साविक बाह्रबिस | एकीन नभएको |
| १३ | ग्रामीण विकास बहुउद्धेश्यीय सहकारी | बुढीगंगा- १ | साविक ब्रह्मतोला | क्रियाशिल |
| १४ | जनजाग्रिती बहुउद्धेश्यीय सहकारी | बुढीगंगा- ३ | साविक ब्रह्मतोला | एकीन नभएको |
| १५ | ज्युलेखीमष्टा बहुउद्धेश्यीय सहकारी | बुढीगंगा- ९ | साविक बाह्रबिस | एकीन नभएको |
| १६ | सूर्योदय बहुउद्धेश्यीय सहकारी | बुढीगंगा- ९ | साविक बाह्रबिस | एकीन नभएको |
| १७ | बाह्रबिस महिला सहकारी | बुढीगंगा- ९ | साविक बाह्रबिस | एकीन नभएको |
| १८ | कुल्देवमाण्डौं महिला बहुउद्धेश्यीय सहकारी | बुढीगंगा- ५ | साविक कुल्देवमाण्डौं | एकीन नभएको |
| १९ | देवल वचत तथा ऋण सहकारी | बुढीगंगा- ८ | साविक बाह्रबिस | एकीन नभएको |
| २० | आमा महिला वचत तथा ऋण सहकारी | बुढीगंगा- ३ | साविक ब्रह्मतोला | एकीन नभएको |
| २१ | भगवती वचत तथा ऋण सहकारी | बुढीगंगा- ३ | साविक ब्रह्मतोला | एकीन नभएको |
| २२ | दलित एकता समाज वचत तथा ऋण सहकारी | बुढीगंगा- ९ | साविक बाह्रबिस | एकीन नभएको |
| २३ | हातेमालो साना किसान सहकारी | बुढीगंगा- ३ | साविक ब्रह्मतोला | क्रियाशिल |
| २४ | बार्जुगाड लघु जलविद्युत सहकारी | बुढीगंगा- ५ | साविक कुल्देवमाण्डौं | क्रियाशिल |
| २५ | जनकल्याण बहुउद्धेश्यीय सहकारी | बुढीगंगा- ५ | साविक कुल्देवमाण्डौं | क्रियाशिल |
| २६ | प्रगतिशील बहुउद्धेश्यीय सहकारी | बुढीगंगा- ९ | साविक बाह्रबिस | क्रियाशिल |
| २७ | बुढीगंगा बहुउद्धेश्यीय सहकारी | बुढीगंगा- ६ | वडा नं. ३, ५, ६ | एकीन नभएको |
| २८ | बुढीगंगा वचत तथा ऋण सहकारी | बुढीगंगा- ६ | वडा नं. ६ | एकीन नभएको |
| २९ | मष्टा बहुउद्धेश्यीय सहकारी | बुढीगंगा- ४ | बुढीगंगा नपा | एकीन नभएको |

| | | | | |
|---|---|---|---|---|
| ३० | लक्ष्मीमाता कृषि सहकारी | बुढीगंगा- २ | बुढीगंगा नपा | एकीन नभएको |
| ३१ | बार्जुगाड तेस्रो लघु जलविद्युत सहकारी | बुढीगंगा- ७ | वडा नं. ७ | क्रियाशिल |

सहकारीको प्रकृति अनुसार बुढीगंगा नगरपालिकामा बहुउद्धेश्यीय सहकारी १२ वटा, कृषि सहकारी १० वटा, वचत तथा ऋण सहकारी ७ वटा र विद्युत सहकारी २ वटा रहेका छन् । कोपोमिस सफ्टवेयर प्रयोग गर्ने सहकारी एउटा मात्र (जनकल्याण बहुउद्धेश्यीय) रहेको छ ।

## ५. स्वास्थ्य

बुढीगंगा नगरपालिकामा प्रयोगशाला, सुरक्षित गर्भपतन सेवा र पोषण बहिरङ केन्द्र सहितका तीन वटा स्वास्थ्य चौकी, एउटा सामुदायिक स्वास्थ्य एकाई, तीनवटा शहरी तथा नगर स्वास्थ्य केन्द्र, र सात वटा आधारभूत स्वास्थ्य केन्द्रहरू गरी जम्मा १४ वटा स्वास्थ्य संस्थाहरू रहेका छन् भने एउटा आयुर्वेद औषधालय, एउटा आँखा उपचार केन्द्र, छ वटा बर्थिङ सेन्टर, १३ वटा खोप क्लिनिक रहेका छन् । यस नगरपालिकाका १० वटै वडाहरू खुला दिसामुक्त, पूर्ण सरसफाइ युक्त र पूर्ण खोप सुनिश्चितता घोषणा भएका छन् भने वडा नं. ५ लाई पूर्ण संस्थागत प्रसूती घोषणा गरिएको छ । यस नगरपालिकामा १३ जना सुरक्षित प्रसुती सेवा सम्बन्धी (Skilled Birth Attendant- SBA) तालिम प्राप्त स्वास्थ्यकर्मी गरी ४८ जना स्वास्थ्यकर्मीहरू कार्यरत रहेका छन् भने २७ जना महिला स्वास्थ्य स्वयंसेविकाहरू रहेका छन् । हाल बाजुरा स्वास्थ्य चौकी टाँटेमा मेडिकल अधिकृत (MBBS डाक्टर) सहितको सेवा विस्तार गरिएको छ, ५ वटा स्वास्थ्य संस्थाबाट टेलिकन्सल्टेसन सेवा सुचारू रहेको छ भने पोस्टमार्टम सेवाका लागि जनशक्ति व्यवस्थापन गरिएको छ ।

### (क) आ.व. २०७९/८०

| क्र.सं. | क्रियाकलाप | विनियोजित रकम | अनुमानित खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | एम्बुलेन्स र आँखा सुदृढीकरण | ५,००,००० | ५,००,००० | १०० |
| २ | लागु औषध दुर्व्यशनी नियन्त्रण सम्बन्धी तालिम | ३,००,००० | ३,००,००० | १०० |
| ३ | जिल्ला बाहिर जाने स्वास्थ्यक्रमी हरुका लागि तालिम | २,००,००० | २,००,००० | १०० |
| ४ | उत्कृष्ट स्वास्थ्य संस्था र स्वास्थ्यकर्मी तालिम | ५०,००० | ५०,००० | १०० |
| ५ | स्वास्थ्य शाखाको व्यवस्थापन खर्च | १,५०,००० | १,५०,००० | १०० |
| ६ | खोप तथा अन्य सामाग्री ढुवानी | २,००,००० | २,००,००० | १०० |
| ७ | शाखा तथा ३ वटा स्वास्थ्य संस्थाको ईन्टरनेट व्यवस्थापन, मासिक बैठक | २,००,००० | २,००,००० | १०० |
| ८ | एच.आई.भी. संक्रमण भएकालाई उपचार खर्च | २,००,००० | २,००,००० | १०० |
| ९ | महिला स्वास्थ्य स्वयमंसेविकालाई मासिक बैठक भत्ता र मोबाईल रिचार्ज | ३,५०,००० | ३,५०,००० | १०० |
| १० | आँखा शिविर | १,५०,००० | १,५०,००० | १०० |
| ११ | औषधी तथा उपकरण खरिद कार्यक्रम | २०,००,००० | २०,००,००० | १०० |

| | | | | |
|---|---|---|---|---|
| १२ | टाँटे स्वास्थ्य चौकीमा खानेपानी निर्माण | २,००,००० | २,००,००० | १०० |
| १३ | स्वास्थ्य सूचना साथै IMU सुदृढीकरण कार्यक्रम | ६५,००० | ६५,००० | १०० |
| १४ | पशुपंक्षी आदीबाट हुने ईन्फुएन्जा, बर्ड फ्लु आदि विभिन्न सरुवारोग सम्बन्धि रोकथाम तथा सचेतना कार्यक्रम | २०,००० | २०,००० | १०० |
| १५ | CBIMNCI कार्यक्रम | ५,००,००० | ५,००,००० | १०० |
| १६ | सुर्तीजन्य पदार्थ तथा मद्यपान सेवनको न्यूनीकरण सम्बन्धी सञ्चार कार्यक्रम | २,५०,००० | २,५०,००० | १०० |
| १७ | स्वास्थ्य चौकीको न्यूनतम सेवा मापदण्ड कार्यक्रम | १,४०,००० | १,४०,००० | १०० |
| १८ | आँखा, नाक, कान, घाँटी तथा मुख स्वास्थ्य सम्बन्धी अभिमुखीकरण | १,००,००० | १,००,००० | १०० |
| १९ | राष्ट्रिय महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रम (पोशाक प्रोत्साहन, यातायात खर्च, दिवस खर्च) | ७,००,००० | ७,००,००० | १०० |
| २० | कोभिड-१९ को भ्याक्सिनको डिजिटाइजेशन तथा क्यू आर कोड प्रमाणिकरण | १,१६,००० | १,१६,००० | १०० |
| २१ | नियमित खोप सुदृढीकरण, पूर्ण खोप सुनिश्चतता र दीगोपनाको लागि सुक्ष्मयोजना अद्यावधिक | २,२६,००० | २,२६,००० | १०० |
| २२ | स्वास्थ्य संस्थाहरुको मासिक बैठक, स्वास्थ्य कार्यक्रमहरुको डाटा भेरिफिकेशन एवं गुणस्तर सुधार, अर्धवार्षिक एवं वार्षिक समिक्षा | १,१९,००० | १,१९,००० | १०० |
| २३ | पोषण विशेष (स्वास्थ्य) क्षेत्रका कार्यक्रम सञ्चालन | १,५०,००० | १,५०,००० | १०० |
| २४ | आकस्मिक अवस्थामा औषधि एवं ल्याव सामाग्री ढुवानी, फर्म फरमेट छपाइ, ई-टि.बि रजिस्टर अध्यावधिक, विश्व क्षयरोग दिवस | ९५,००० | ९५,००० | १०० |
| २५ | पोषण संवेदनशील (खानेपानी तथा सरसफाइ, कृषि, पशुसेवा, महिला तथा बालबालिका, शिक्षा र शासकीय प्रबन्ध) क्षेत्रका कार्यक्रमहरू सञ्चालन | ५,००,००० | ५,००,००० | १०० |
| २६ | परिवार नियोजन किशोर किशोरी तथा प्रजनन् स्वास्थ्य कार्यक्रम | ३,००,००० | ३,००,००० | १०० |
| २७ | मातृ तथा नवशिशु कार्यक्रम संञ्चालन | २४,७८,००० | २४,७८,००० | १०० |
| २८ | पालिकाहरुमा स्वीकृत निर्देशिका अनुसार गठित rapid response team तथा risk communication and community engagement team लाई अभिमुखीकरण | १,८०,००० | १,८०,००० | १०० |
| २८ | कोभिड-१९ विरुद्ध खोप अभियान तथा बुस्टर खोप समेत संचालन ब्यवस्थापन खर्च | ३,०९,००० | ३,०९,००० | १०० |
| ३० | मातृ तथा नवशिशु कार्यक्रम | ४१,९०,००० | ४१,९०,००० | १०० |
| ३२ | पोषण सुधारको लागि विपन्न समुदायका महिला समूह वा सहकारीहरूलाई विपन्न सदस्यहरूको आयआर्जन सुधार कार्यक्रम अनुदान | ६,००,००० | ६,००,००० | १०० |

| | | | | |
|---|---|---|---|---|
| ३२ | क्षयरोगका जोखिम समुह तथा स्वास्थ सेवाको पहुँच कम भएका समुदायमा सक्रिय क्षयरोग क्षयरोग रोकथाम कार्यक्रम | १,०५,००० | १,०५,००० | १०० |
| ३३ | विद्यालय स्वास्थ्य शिक्षा/आमा समूह तथा महिला स्वास्थ्य स्वयंसेविकाहरुका लागि सामाजिक ब्यवहार परिर्वतन कार्यक्रम | ७५,००० | ७५,००० | १०० |
| ३४ | पोषण कार्यक्रम | ३,१७,००० | ३,१७,००० | १०० |
| ३५ | प्रजनन रुग्णता स्वास्थ्य सेवा | ८०,००० | ८०,००० | १०० |
| ३६ | विश्व औलो दिवस मनाउने, किटजन्य रोग नियन्त्रण कार्यक्रमको अनुगमन एवम् मूल्याङ्कन | १,००,००० | १,००,००० | १०० |
| ३७ | आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधि खरिद | १४,६०,००० | १४,६०,००० | १०० |
| ३८ | रेफ्रिजेरेटर खरिद | ४०,०,००० | ४०,०,००० | |

## (ख) आ.व. २०८०/८१

| क.सं. | क्रियाकलाप | विनियोजन रु. | खर्च रु. | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आकस्मिक अवस्थामा औषधि एवं ल्याव सामाग्री ढुवानी, फर्म फरमेट छपाई, ई-टि.वि रजिष्टर अध्यावधिक, विश्व क्षयरोग दिवस सम्बन्धी कार्यक्रम, स्थलगत अनुशिक्षण तथा सुपरिवेक्षण, क्षयरोगका कार्यक्रमको अर्ध वार्षिक समीक्षा | ९५,०००० | ९,५०,००० | १०० |
| २ | अभिमुखिकरण एवम् घरदैलो क्षयरोग खोजपड्ताल कार्यक्रम, पाँच वर्ष मुनिका बालबालिको क्षयरोग परीक्षण | १,०५,००० | १,०५,००० | १०० |
| ३ | विश्व रक्तचाप दिवस तथा आत्महत्या न्यूनीकरण दिवस, महिला सामुदायिक स्वास्थ्य स्वयमसेविकाहरुलाई नसर्ने तथा मानसिक स्वास्थ्य सम्बन्धि अभिमुखीकरण | ४५,००० | ४४,८६० | ९९.६० |
| ४ | किटजन्य रोग नियन्त्रण कार्यक्रमको अनुगमन एवम् मुल्याङ्गन तथा बहुनिकाय अन्तक्रिया | ५५,००० | ५४,८३९ | ९९.९१ |
